नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति २०७४ मंसीर ९

## प्रेस विज्ञप्ति

संविधान कार्यान्वयन गर्दै मुलुकलाई संघीय संरचनामा रुपान्तरण गर्ने महत्वपूर्ण कडीको रुपमा रहेको प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन अन्तर्गत पहिलो चरणमा ३२ जिल्लामा हुने मतदान कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको छ । राजनीतिक दल, उम्मेदवार र मतदाता एवम् सन्चार जगत र आम जनसमुदायबाट भोलिको मतदान कार्यक्रमको उत्सुकतापूर्वक प्रतिक्षा भइरहेको छ । मुलुक र जनताको भाग्य र भविष्यसँग जोडिएको निर्वाचन जस्तो सुन्दर लोकतान्त्रिक अभ्यास हुन लागेको यस घडीमा मजबुत सुरक्षा प्रदान गरी निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउने अभिभाराप्रति गृह प्रशासन र सबै सुरक्षा अंग सजग र संवेदनशील रही आएको विदित नै छ ।

निर्वाचन आयोगद्वारा निर्दिष्ट गरिएको प्रक्रिया ढाँचा र क्रियाकलापहरुमा सम्पूर्ण सुरक्षा प्रदान गर्ने क्रममा निर्वाचन पूर्वको सुरक्षा तयारी पुरा गर्दै मतदानको दिनको सुरक्षा व्यवस्था मिलाइएको छ । स्थानीय तहको निर्वाचन लगायत विगतका निर्वाचनहरु सफलता पूर्वक सम्पन्न गराउन राज्यका सबै सुरक्षा निकायबाट प्रभावकारी एवम व्यवसायिक तवरबाट सुरक्षा प्रदान गरिएको यथार्थ हाम्रो सामु रहेको छ । यस निर्वाचनमा पनि विगतका सफल अभ्यासहरुलाई अवलम्बन गर्दै थप मजबुत र प्रभावकारी सुरक्षा व्यवस्थाका लागि सुरक्षा निकायका सुरक्षाकर्मीहरु परिचालित भएका छन् । घटना दुर्घटनाहरुमा प्रतिक्रिया जनाउने सुरक्षा कारवाहीहरुका अलावा निरोधात्मक सुरक्षा सतर्कता र सावधानी एवम् निर्वाचन आयोग, सुरक्षा निकाय, राजनीतिक दल र आम मतदाताका वीच स्थानीय प्रशासन मार्फत पर्याप्त समन्वय र सहयोगको वातावरण बनाइएको छ । तीन घेराको सुरक्षा प्रबन्ध, जिल्लाका सबै मतदानस्थल एवम् वस्तिहरु समेटिने गरी क्षेत्र नियन्त्रण,पर्याप्त रिजर्भ फोर्स, तत्काल परिचालित हुन सक्ने टोली (Quick Response Team) को व्यवस्था र जमिन र हवाई दुबैबाट मतदानस्थलको सुरक्षा जस्ता तयारीका साथ मजबुत सुरक्षा व्यवस्था मिलाइएको छ ।

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

यस क्रममा निर्वाचन विरोधी छिटफूट घटनाहरु घटाइए तापनि ती हर्कतहरु सुरक्षा निकायको पूर्ण नियन्त्रणमा रहेको र  अवैध हातहतियार र विष्फोटक पदार्थ बरामद गरिनुका साथै चार सय भन्दा बढी संलग्न व्यक्तिहरुलाई पक्राउ गरी कानून बमोजिम कारवाही भइरहेको छ । मतदानको दिन कुनै पनि किसिमको अवाञ्छित गतिविधि हुन नदिन सुरक्षा व्यवस्था मिलाईएको छ । कोही कसैबाट निर्वाचनलाई अवाञ्छित तवरले प्रभाव पार्ने कुनै हर्कत भएमा कानून बमोजिम कडा सुरक्षा कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

यसरी सबै सुरक्षा निकायबीचको आपसी समन्वयसहित योजनाबद्ध तवरले  सुरक्षाको सबै आवश्यक प्रबन्ध मिलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र सुरक्षित मतदानको लागि शान्तिपूर्ण र भयरहित निर्वाचन वातावरण तयार भएको छ ।  तसर्थ संयमित र अनुशासित भई उत्साहजनक रुपमा निर्धक्क भएर मतदानमा सहभागी हुन आम मतदातामा मन्त्रालय हार्दिक अनुरोध गर्दछ । यस कार्यमा राजनीतिक दलका नेता, उम्मेदवार, कर्मचारी, नागरिक समाज र सन्चारकर्मी लगायत सबैपक्षबाट सदाझैं स्थानीय प्रशासनलाई आवश्यक सहयोग प्राप्त हुने अपेक्षा समेत गरिएको छ ।

०६४।८।१५

नारायण प्रसाद शर्मा दुवाडी

प्रवक्ता